This programme is funded by the European Union

# ईयु-नेपाल व्यापार सम्वन्धित सहयोग: कफि र पश्मिनाको व्यापार र सहभागिता सहजिकरण वृद्धिका लागि मुल्य श्रृंखला अभिवृद्धि परियोजना

## ईयु - नेपाल व्यापार र लगानी कार्यक्रम (TIP)






## सारांश

युरोपियन युनियन ईयुको वित्तीय सहयोगमा सन २०२० को फेब्रुअरीमा शुरु गरिएको यस चार वर्षे कार्यकमले नेपाल सरकारलाई क्षेत्रीय र विश्वव्यापी मूल्य श्रृंखलामा व्यापार र सहभागिता वृद्धि गराउदै दिगो र समावेशी आर्थिक बृद्धि र गरीबी न्युनीकरणमा सहयोग पुर्‍याउने छ। यस परियोजनाको लक्ष्य व्यापार नीति तर्जुमा गर्न, व्यापार सम्झौता गर्ने र प्रभावकारी कार्यान्वयन गराउनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र व्यापार तथा निर्यात प्रर्वधन केन्द्रको क्षमता बृद्धि गर्नु रहेको छ।

व्यापार र निर्यात नीतिहरूलाई सहजिकरणका निमित्त आवश्यक उपकरण हरु विकसित हुँदैछ। यस बाहेक, यस परियोजनाले निर्यातको विकासमा मध्यनजर गर्दै नेपालको कफी र पश्मिना मूल्य श्रृंखलाको दिगो र समावेशी विकासलाई सहयोग पुर्‍याउँनेछ। यिनै प्रयासहरुको बलमा ITC को सहयोगमा विकसित तीन प्रयासहरू नेपाल पश्मिना संवर्धन र व्यापार सार्मथ्य (PETS) परियोजनाको सफलता पूर्वक सम्पन्न, हालसालै सुरू गरिएको राष्ट्रिय कफी क्षेत्र रणनीति र नेपाल गैर ट्यारिफ मापन सर्वेक्षणको सिफारिशहरूको आधारमा तय भएकाछन।

यस परियोजनाले नेपालको पन्धौ आवधिक योजनाको प्राथमिकताहरु र नेपाल एकिकृत व्यापार रणनीति (NTIS) २०१६ लाई नजिकबाट समेटिएको छ, यसका साथै ईयु (EU) द्धारा नेपालकालागि संचालित बहुवार्षिय संकेत कार्यक्रम, (MIP) (२०१४-२०२०), विकासका प्राथमिकताहरुमा युरोपियनका सहमतिहरु ‘‘समृद्धि’’ ‘‘मानिस’’, र ‘‘ग्रह’’ र दीगो विकासकालागि संयुक्त राष्ट्र संघको मुद्दाहरु (AGENDA 2030) लाई अंगिकार गरेको छ।

## पृष्ठभुमि

करिब २ करोड ९० लाख जनसंख्या रहेको नेपाल क्षेत्रफलका हिसाबले १४७१८१ वर्ग किलोमिटर भुभाग रहेको एक भुपरिवेष्टीत कम विकसित राष्ट्र हो । सन २००६ मा सशस्त्र द्वन्द्व समाप्त भए संगै नेपालले तिब्र दरमा विकासको अनुभव गरेको छ। बिश्व बैंकको मध्यकालिन अनुमान अनुसार करिब ६ प्रतिशतको हाराहारिमा रहने अनुमान गरिएको छ । बिश्व व्यापि महामारि कोभिड १९ को प्रभावले गर्दा यो आर्थिक वर्षमा वृद्धि दर २.३ प्रतिशत रहने अनुमान गरिएको छ[1] । कुल ग्राहस्थ उत्पादनमा योगदानका हिसाबले कृषि क्षेत्रको योगदान क्रमस घट्दै गईरहेको छ । आव २०१९/२०२०[2] मा प्राथमिक, द्धितिय र तृतिय क्षेत्रको योगदान क्रमश २८, १४ र ५८ प्रतिशत औशत अनुमान गरिएको थियो । सन २०१८[३] मा भ्रमण तथा पर्यटन क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा ४% प्रत्यक्ष योगदान रहेको थियो । यद्यपि अर्थतन्त्र फैलिइ रहेको भएतापनि बिशेषत युवा तथा महिलाहरुका लागि सिमित मात्र रोजगारिका अवसरहरु रहेका छन ।

## साझेदार तथा लाभग्राहिहरु

यस परियोजनाको अन्तिम लाभग्राहिहरु कृषकहरु, उत्पादकहरु, मध्यस्थकर्ताहरु र व्यापारिहरु हुनेछन भने कफि र पश्मिना मुल्य श्रृंखलामा महिला सहभागितालाई बिशेष जोड दिइने छ । यस परियोजनावाट उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय र व्यापार र निर्यात प्रवर्धन केन्द्र (TEPC) प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन भने अन्य सम्वद्ध मन्त्रालयहरु पनि तालिम, प्रसिक्षण एवम क्षामता अभिवृद्धि कार्यक्रम बाट लाभान्वित हुनेछन ।

## नेपाल सरकार

नेपाल सरकार संग मिलेर संयुक्त तवरले तर्जुमा गरिएको यो कार्यक्रम उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कृषि तथा पशुपंछि विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, र अर्थ मन्त्रालयको सह कार्यमा कार्यान्वयन गरिने छ ।

## व्यापार र लगानी सहयोगि संस्थानहरु (TISIs)

ITC र व्यापार र लगानी सहयोगि संस्थाहरु (TISIs) राष्ट्रिय चिया तथा कफि विकास वोर्ड, नेपाल कफि उत्पादक संघ, नेपाल पश्मिना उद्योग संघ र मुस्ताङ च्याङग्रा पश्मिना किसान संघ) बीचको निकटतम सहकार्यमा हुने कार्यन्वयन बाट हुनेछ ।

---

[1] https://cbs.gov.np/national-accounts-of-nepal-2019-20

[2] https://tcdata360.worldbank.org/indicators/tot.direct.gdp?indicator=24648&viz=line_chart&years=1995,2028#table-link

This programme is funded by the European Union

**अपेक्षित उपलब्धिहरु**

१) व्यापार नीति तर्जुमा गर्न, व्यापार सम्वन्धि सम्फौतामा वार्ता गर्न, र तिनीहरुको प्रभावकारि कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र टिइपिसीको (TEPC) क्षमता अभिवृद्धि हुनेछ,

- लैंगिक सम्वेदनशिल समेत रहेको व्यापार नीति तर्जुमा गर्न, द्विपक्षिय, क्षेत्रीय र बहुपक्षीय व्यापार सम्वन्धि वार्ताहरु गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको क्षामता अभिवृद्धि हुनेछ,
- व्यापार तथा निर्यात प्रवर्धन केन्द्र र अन्य क्षेत्रगत संघहरुको  कफि तथा पश्मिना निर्यात वृद्धि गर्ने क्षामता अभिवृद्धि हुनेछ ।

२) व्यापार सहजिकरण तथा निर्यात नीति सम्वन्धि Tool Box को विकास गरिने छ ।

- बिश्व व्यापार संगठनको व्यापार सहजिकरण सन्धिको कार्यन्वयन गर्न  र  Category C Measures हरुको कार्यन्वयन गर्नका लागि कार्य योजना बनाउन सहयोग पुग्ने छ ,
- कफि तथा पशि्मना व्यावसायहरु बिशेष गरि SME हरुको निर्यात प्रकृयामा अनुपालना (Compliance) स्तर अभिवृद्धि हुनेछ ।

३) नेपालमा कफि क्षेत्रको मुल्य श्रृंखला क्षमता अभिवृद्धि हुनेछ ।

- कफि मुल्य श्रृंखला भरि प्रसोधन र गुणवत्तामा आपूर्ति पक्षको अवरोध न्युन हुन जाने ,
- घरेलु र अन्तराष्ट्रिय बजारमा विकि विस्तार गर्न कृषक, किसान सहकारी, र महिला उद्यमी संघहरुका लागि  आवश्यक गुणस्तरिय उपकरणहरु र सम्वेदनशिल सामाग्रिहरुको विकास अनी  व्यावसायिक सर्म्पकहरुको सृजना गर्नु,
- राष्ट्रिय गुणस्तर र SPS फ्रेमवर्क  लाई अन्तराष्ट्रिय गुणवत्ता  मापदण्ड पुरा गर्न थप शसत्त बनाउदै, अनुसन्धानमा बढोत्तरी लगायत  अनुपालना सुधार गर्नकालागि क्षामता विस्तार र प्रमाणिकरण गर्न संस्थागत स्तरको सहयोग प्रदान गरिने छ ।
- साना स्तरका कफि उतपादकहरुलाई राम्रो कृषि अभ्यास (GAP) र दिगो उपभोग र उत्पादनका विधि हरुको वारेमा क्षमता अभिवृद्धि र तालिम दिईने छ ।

४) नेपाल पशिमना क्षेत्रको मुल्य श्रृंखला क्षमता अभिवृद्धि हुनेछ ।

- च्याङग्रा पशिमना व्यापार रणनीति र कार्ययोजना विकास हुनेछ ।

This programme is funded by the European Union

- फाइबर मूल्य अभिवृद्धि र प्रतिस्पर्धात्मक क्षामतामा आएको सुधारवाट लाभान्वित हुन च्याङग्रा पश्मिना किसानहरुलाई संगठित गर्ने एवम तालिम प्रदान गरिने छ र तिनीहरुलाई स्थानिय बजार (निर्माता र पर्यटकहरु) संग जोडिने छ ,
- SME हरुको स्वदेशि र वैदेसिक बिक्री विस्तार गर्न व्यवासायिक सम्पर्कहरुको (Market Linkages) सिर्जना गरिने छ ।

सम्पर्क: मारीक्लाउड फ्रेएनार्थ-, वरिष्ठ व्यापार प्रवर्धन अधिकारी
**E-mail:** frauenrath@intracen.org
**Telephone:** +41-22 730 0295
Street address: ITC, 54-56, rue de Montbrillant ,1202 Geneva, Switzerland
Postal address: ITC, Palais des Nations, 1211 Geneva 10, Switzerland
Internet: www.intracen.org

[i] https://tcdata360.worldbank.org/indicators/tot.direct.gdp?indicator=24648&viz=line_chart&years=1995,2028#table-link